पाठ ६

# तपाईंको समुदायमा योगदान गर्नु

संसारका प्रायःजसो सबै देशहरूमा रेडक्रस संस्थाले काम गरिरहेको छ। तिनीहरूले मानव-जातिको सेवाको काम गरेका छन्। तिनीहरूले भोकमारी, वा हूरी-बतास वा भुकम्पजस्ता प्राकृतिक प्रकोपको समयमा मानिसहरूलाई सहायता पुऱ्याउँछन्। तिनीहरूले जताजतै सहायता गर्छन्– अफ्रिकामा, एशियामा, अमेरिकामा, यूरोपमा र आवश्यकता परेका सबै ठाउँहरूमा।

चन्दा वा उपहारहरूद्वारा रेडक्रसलाई चलाइएको छ। मानिसहरूले रुपियाँपैसा, सरसामानहरू र रगत दिन्छन् र यसरी विभिन्न प्रकोपहरू आउँदा सहायता गर्नका लागि रेडक्रस तयारी हुन्छ। आफूले केही पाइन्छ कि भनेर मानिसहरूले चन्दा दिने काम गर्दैनन्। जरूरी परेको बेलामा र प्रकोपको समयमा अरूहरूलाई सहायता पुऱ्याउने इच्छाको कारणले नै तिनीहरूले चन्दा दिने काम गरेका हुन्।

हाम्रो समुदायमा भएको हाम्रो योगदान पनि यस्तै हो। हामीले केही ठूलो इनाम पाउँछौं भनेर हामी सहायता गर्दैनौं। समुदायमा भएका आवश्यकताहरूलाई पूरा गर्न हामी हाम्रो समय, रुपियाँपैसा र खूबीहरूलाई योगदान गर्छौं, किनकि यसो गर्नु ठीक र असल हुन्छ। हाम्रो समुदायलाई अझै राम्रोसँग सेवा



सेवा गर्नका लागि हामी कसरी तयारी हुन सक्छौं भनी यस पाठमा हामी हेर्नेछौं।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

सेवा गर्नलाई तयारी हुनु
सहभागी बन्नु
कुशलताहरूको योगदान दिनु

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- तपाईंको समुदायलाई तपाईंले दिन सक्ने सबैभन्दा महत्त्वपूर्ण सेवालाई चिन्न सक्न।
- आफ्नो समुदायमा साक्षीको रूपमा आफैलाई तयारी पार्न।
- तपाईंको समुदायलाई सहायता पुऱ्याउनका लागि तपाईंको कुशलताले दिने योगदानका तरीकाहरूलाई वर्णन गर्न।

## सेवा गर्नलाई तयारी हुनु

उद्देश्य १ *तपाईंको समुदायमा ख्रीष्टियान साक्षीको निम्ति तपाईंले आफैलाई तयारी गर्नसक्ने तरीकाहरूको सूची बनाउनुहोस्।*

कसैलाई सेवा पुऱ्याउन सक्नुभन्दा पहिले हामीले दिने सेवाको निम्ति हामी तयारी हुनुपर्छ। एक ख्रीष्टियानले आफ्नो समुदायलाई दिन सक्ने सबैभन्दा ठूलो सेवाचाहिँ आत्माहरू जित्नु हो। आफ्नो समुदायमा साक्षी हुनका लागि तपाईंले आफूलाई तयारी गर्ने तीन उपायहरू यहाँ छन्ः

१. *उद्धारको व्यक्तिगत निश्चयता प्राप्त गर्नुहोस्।* तपाईं आफ्नो घरमा कसरी सुरक्षाको अनुभव गर्न सक्नुहुन्छ? सुत्न जानुभन्दा पहिले आफ्नो घरका झ्याल, ढोकाहरूलाई राम्रोसँग बन्द गरेर। तपाईंले आफ्नो उद्धारको बारेमा कसरी निश्चयताको अनुभव गर्न सक्नुहुन्छ? प्रभुसँगको सुरक्षित सम्बन्ध कायम राखेर। प्रार्थना र परमेश्वरको वचनको अध्ययनद्वारा तपाईं यो गर्न सक्नुहुन्छ। कुनै पुस्तकको लेखकलाई तपाईंले चिन्नुभएको छ भने, त्यस पुस्तकलाई पढ्ने ठूलो इच्छा पनि तपाईंमा हुन्छ। तपाईंले परमेश्वरलाई राम्रोसँग चिन्दै जानुहुँदा उहाँको वचन अर्थात् बाइबल पढ्ने ठूलो इच्छा तपाईंमा हुन्छ।

कहिलेकहीँ हाम्रा भावनाहरूले हाम्रो उद्धारमा हामीलाई शङ्का गर्न लगाउँछन्। तपाईंका भावनाहरूमा होइन तर बाइबलले भनेका कुराहरूका आधारमा आफ्नो भरोसा परमेश्वरमा राख्नुहोस्। कसैले पनि तपाईंलाई प्रेम गर्दैनजस्तो तपाईंलाई लाग्छ भने– परमेश्वरले प्रेम गरी नै रहनुभएको छ। आफू असफल भएको जस्तो भावना तपाईंमा आएको छ भने, प्रसन्न हुनुहोस्! परमेश्वरले तपाईंलाई अझै प्रेम गर्नुहुन्छ! उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ,

किनकि उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ! उहाँको प्रेमलाई स्वीकार गर्नुहोस् र आफ्ना भावनाहरूमा भन्दा परमेश्वरको वचनमा आफ्नो विश्वास राख्नुहोस्।

यदि तपाईंले प्रभुलाई असफल तुल्याउनुभयो वा केही कारणले गर्दा उहाँसँगको तपाईंको सम्बन्धमा शङ्का गर्न थाल्नुभयो भने, एफिसी २:४-५-का यी पदहरूलाई याद गर्नुहोस्ः



> तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो– अनुग्रहद्वारा नै तिमीहरूले उद्धार पाएका छौ।

के तपाईं परमेश्वरको प्रेमलाई कमाउन सक्नुहुन्छ? तपाईं अवश्य पनि कमाउन सक्नुहुन्न। यो वरदानलाई ग्रहण गर्नुहोस् र तपाईं परमेश्वरप्रति धन्यवादी हुनुहुन्छ भनी देखाउने ढाँचामा जिउनुहोस्। परमेश्वरको प्रेममा विश्राम लिनुहोस्।

कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले? ...होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौं (रोमी ८:३५,३७)।

जब हामी ख्रीष्टलाई हाम्रा मुक्तिदाताका रूपमा ग्रहण गर्छौं, हाम्रा आफ्नै भावनाहरूका कारणले होइन तर उहाँको कृपाको कारण हामी हाम्रो उद्धारमा पूर्ण सुरक्षित हुन सक्छौं।

२. *कुनै व्यक्तिलाई प्रभुमा कसरी अगुवाइ गर्नुपर्छ सो जान्नुहोस्।* के-कसैले तपाईंलाई कहिल्यै यसो भनेका छ, "मेरो पछिपछि आउनुहोस्, मलाई बाटो थाहा छ," र अन्तमा चाहिँ तपाईं हराउनुहुन्छ। त्योचाहिँ आनन्दमय अनुभव होइन। साँच्चै बाटो चिन्ने मानिसहरूको पछि हामी लाग्न चाहन्छौं।

यदि हामी मानिसहरूलाई परमेश्वरकहाँ ल्याउन चाहन्छौं भने हामीले बाटो चिन्नैपर्छ। कसैलाई ख्रीष्टकहाँ ल्याउनका लागि हामीलाई सहायता पुऱ्याउने धेरै पदहरू बाइबलमा छन्। शुरू गर्नका लागि तपाईंले कण्ठ गर्नुपर्ने केही पदहरूलाई मैले तल उल्लेखित तालीकामा सूची बनाएको छुः

| **पद** | **सन्देश** |
|---|---|
| *रोमी* ३:२३ | सबैले पाप गरेका छन् र उनीहरूलाई मुक्तिदाताको आवश्यकता छ |
| *रोमी* ६:२३ | मानिस मृत्युको योग्य छ, तर परमेश्वरले जीवन दिनुहुन्छ |
| *यूहन्ना* ३:१६ | हाम्रा पापका निम्ति परमेश्वरले बलिदान जुटाउनुभएको छ |
| १ *यूहन्ना* १:९ | यदि हामीले हाम्रा पापको स्वीकार गऱ्यौं भने, परमेश्वरले हामीलाई क्षमा दिनुहुनेछ। |
| १ *यूहन्ना* ५:१३ | हामीमा अनन्त जीवन छ भन्ने कुरा हामी-लाई थाहा छ |

ख्रीष्टलाई कसरी पाउन सकिन्छ भनी देखाउन यदि तपाईं यी पदहरू प्रयोग गर्न चाहनुहुन्छ भने सबैभन्दा पहिले ती पदहरूलाई कण्ठ गर्नुहोस्। तपाईंको बाइबलको खोलको भित्रपट्टि पहिलो पद लेखिएको ठाउँको पृष्ठसंख्या लेख्नुहोस्। पहिलो पद भएको पृष्ठको पुछारमा अर्को पदको पृष्ठसंख्या लेख्नुहोस्। पाँचैवटा पदहरूलाई यस्तै प्रकारले लेख्दै जानुहोस्। तब कसैलाई ख्रीष्टकहाँ डोऱ्याउनको लागि साधारण तर प्रभावशाली प्रकारले तपाईं आफ्नो बाइबललाई प्रयोग गर्न सक्नुहुन्छ। तपाईं सेवा गर्नलाई तयारी हुनुहुन्छ। साक्षी दिनका लागि तपाईंलाई सहायता पुऱ्याउने अरू पदहरूलाई पनि तपाईंले यसै गरी थप्दै लानुहोस्।



३. *पवित्र आत्मामा भर पर्नुहोस्।* तपाईंले जति नै राम्रोसँग बाइबल जान्नुभएको भए तापनि तपाईंलाई सहायता पुऱ्याउनका लागि तपाईंले पवित्र आत्मामा भर पर्नैपर्छ। उहाँले तपाईंलाई अगुवाइ गर्नुहुनेछ र तपाईंले साक्षी दिनुहुँदा तपाईंको मनमा ठीक शब्दहरू ल्याउनुहुनेछ।

पवित्र आत्माले नै मानिसहरूलाई परमेश्वरमा खिच्नुहुन्छ र तिनीहरूलाई तिनीहरूका पापका निम्ति दुःखित तुल्याउनुहुन्छ। प्रत्येक व्यक्तिको हृदयको अवस्था उहाँलाई थाहा छ। उहाँको अगुवाइको निम्ति जब तपाईं प्रार्थना गर्नुहुन्छ, तपाईंको व्यक्तिगत साक्षीद्वारा तपाईंको समुदायमा सेवा गर्नका लागि उहाँले सहायता गर्नुहुनेछ।

## तपाईंको अभ्यासको निम्ति

**१** आत्माहरू जित्ने व्यक्तिको रूपमा तपाईंको समुदायमा सेवा पुऱ्याउनका लागि तपाईंले आफूलाई तयारी गर्न सक्ने तीन तरीकाहरूको सूची पहिलेका पृष्ठहरूलाई नहेरीकन बनाउने कोशिश गर्नुहोस्।

**क**. ..........................................................

**ख**. ..........................................................

**ग**. ..........................................................

**२** तल दिइएको प्रत्येक बयानलाई पूरा गर्नको लागि ठीक शब्द वा शब्दहरू लेख्नुहोस्।

**क**. यदि मैले व्यक्तिगत रूपमा पुस्तकको.................. लाई चिनेको छु भने पुस्तक पढ्ने ठूलो इच्छा ममा हुन्छ।

**ख**. परमेश्वरसँगको मेरो सम्बन्ध मेरो ............. भर पर्दैन।

**ग**. परमेश्वरको अनुग्रहद्वारा मात्र मैले ........... पाएको छु।

**घ**. कसैलाई ठीक किसिमले उद्धारको व्यक्तिगत अनुभवमा लैजानका लागि मैले................................ जान्नैपर्छ।

**ङ**. अरूहरूलाई परमेश्वरमा ल्याउने सहायता मैले ................................................ बाट पाउँछु।

## सहभागी बन्नु

उद्देश्य २ *परमेश्वरको निम्ति तपाईंको समुदायलाई प्रभाव पार्न तपाईं यसमा संलग्न हुन सक्ने तरीकाहरूलाई परिचित गर्नुहोस्।*

ख्रीष्टियानहरूले आफ्नो समुदायमा सेवा गर्न सक्ने र यसलाई प्रभाव पार्न सक्ने धेरै तरीकाहरू छन्। हामी ख्रीष्टियानहरू भएका हुनाले असल नागरिकहरू, छिमेकीहरू र मित्रहरू हुनैपर्छ। हामी त्यहाँ बसेका हुनाले हाम्रो समुदाय अझै असल ठाउँ हुनुपर्छ।

यदि हामीले परमेश्वरको निम्ति हाम्रो समुदायलाई प्रभाव पार्ने आशा लिएका छौं भने, हामीले सामुदायिक क्रियाकलापहरूमा भाग लिनैपर्छ। तर कुन-कुन क्रियाकलापहरू असल छन् र कुन-कुनले हाम्रो ख्रीष्टियान साक्षीलाई बाधा दिन्छ भन्ने कुरामा चाहिँ हामीले निर्णय गर्नैपर्छ। हामीले कसरी निर्णय गर्ने त?

सबैभन्दा पहिले त, कुनै पनि काममा तपाईं संलग्न हुनुपर्छ कि भन्ने निर्णय बनाउँदा, आफैलाई प्रश्न गर्नुहोस्ः "के बाइबलका शिक्षाअनुसारका आधारभूत ख्रीष्टियान सिद्धान्तको विरुद्धमा यो छ कि?" यदि उत्तरचाहिँ "छैन" भन्ने आयो भने तब फेरि आफैलाई यो प्रश्न सोध्नुहोस्ः "के म परमेश्वरका निम्ति साक्षी हुन सक्छु, कार्यक्रममा आनन्द मनाउन सक्छु, र नबिटुलीकन आउन सक्छु?" उत्तरचाहिँ सक्छु भन्ने छ र यसलाई तपाईंले प्रार्थनासहित विचार गर्नुभएको छ भने, तपाईं जानुहोस्।

यदि तपाईं जानुभयो र त्यहाँ भएका क्रियाकलापमा तपाईंले भाग लिनुहुँदा माथि उल्लेखित स्तरकायम नभएको तपाईंले भेट्टाउनुभयो भने, त्यो ठाउँबाट फर्किनुहोस् र तपाईंले पाठ

सिक्नुभएकोमा प्रभुलाई धन्यवाद दिनुहोस्। यस्तै खालका निर्णयहरू बनाउनका लागि पवित्र आत्माले तपाईंलाई बुद्धि दिनुहुनेछ।

एक ख्रीष्टियान आफ्नो समुदायमा संलग्न भई आफ्नो ज्योति चम्काउन सक्ने त्यहाँ धैरै तरीकाहरू छन्। उदाहरणको लागि कहीँ अपराध गरिएको उसले देख्यो भने, प्रहरीलाई त्यसको सूचना दिएर ऊ असल नागरिक हुन सक्छ। समुदायका जवानहरूको निम्ति उसले असल क्रियाकलापहरूको आयोजना गरेर सहायता पुऱ्याउन सक्छ, र यसरी जवानहरू समस्याहरू र अपराधहरूमा संलग्न हुनबाट जोगिन सक्छन्।

ख्रीष्टियान आमा-बाबुहरू र अरू ख्रीष्टियानहरूले स्थानीय विद्यालयहरूमा चासो देखाउन सक्छन् र सम्भाविय जुनसुकै तरीकामा पनि शिक्षकहरू र अगुवाहरूलाई सहायता पुऱ्याउन सक्छन्। तपाईंको समुदायको विद्यालयको लागि ख्रीष्टियान शिक्षकहरू उपलब्ध गरिदिएर पनि तपाईं सहायता पुऱ्याउन सक्नुहुन्छ। आवश्यकताअनुसार असल भवनहरू निर्माण गर्न, पुस्तकहरू जम्मा गर्न र पुस्तकालयहरू बनाउनका लागि तपाईंले पनि चासो देखाउनुहोस्।

तपाईंको समुदायलाई प्रभाव पार्ने अर्को राम्रो तरीकाचाहिँ प्रहरीहरू, शिक्षकहरू, डाक्टरहरू र व्यापारीहरूजस्ता समुदायका नेताहरूसँग मित्रता कायम राख्नु हो। तपाईंको जीवनमा ख्रीष्टले गर्नुभएको कामको बारेमा तिनीहरूलाई साक्षी दिने मौका खोज्नुहोस्। तपाईंको गाउँ वा नगरका अध्यक्ष वा स्थानीय सरकारी कर्मचारीहरूसँग परिचित हुनुहोस्। यो कुरा याद गर्नुहोस् कि तिनीहरूलाई पनि प्रभुको खाँचो छ।

हाम्रो समुदायलाई हामीले सेवा गर्न सक्ने सबै तरीकाहरूको सूची बनाउन यहाँ असम्भव छ। हाम्रा नेताहरू चुन्नका निम्ति वा धार्मिक जीविकाको निम्ति उत्साह दिने नियम-कानूनको

निम्ति हामीले मतदान गर्ने मौका पाएमा हामीले यसको सदुपयोग गर्नुपर्छ। यदि समुदायले अस्पताल वा अनाथालयजस्ता परियोजनाहरूको निम्ति रकमहरू उठाउँदैछ भने यी परियोजनाहरूलाई ख्रीष्टियानले सहायता गर्नैपर्छ।



हाम्रा सबै सम्बन्धहरूमा हामी ख्रीष्टियान विश्वासका उदाहरणहरू हुनु अति नै महत्त्वपूर्ण छ। हाम्रो कारोबारको क्षेत्रमा विशेष गरी यो कुरा सत्य छ। बाइबलले हामीलाई बताउँछ कि, "विश्वासीहरूका अगि बोलीवचन, आचरण र प्रेममा, विश्वासमा र शुद्धतामा हामी उदाहरण बन्नुपर्छ" (१ तिमोथी ४:१२)।

**तपाईंको अभ्यासको निम्ति**

**३ ठीक** बयानहरूको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. ख्रीष्टको बारेमा आफूले त्यहाँ साक्षी दिएपछि एक ख्रीष्टियानले जस्तोसुकै क्रियाकलापहरूमा भाग लिन सक्छ।

**ख**. यदि कुनै ख्रीष्टियानले केही कार्यक्रममा भाग लिन गयो र बाइबलको शिक्षाअनुसार ख्रीष्टियानले गर्न उचित नहुने कुराहरू त्यहाँ भयो भने उसले तुरुन्तै त्यो ठाउँ छोड़ि गइहाल्नुपर्छ।

**ग**. तपाईं ख्रीष्टियान हुनुहुन्छ भन्ने कुरा अरूहरूले थाहा नपाएसम्म तपाईं जस्तोसुकै कार्यक्रममा पनि भाग लिन सक्नुहुन्छ।

**घ**. ख्रीष्टियान भएको नाताले तपाईं अझै असल नागरिक, छिमेकी र मित्र बन्नुपर्छ।

**४** तल दिइएका ख्रीष्टियान समुदाय आत्माका असल उदाहरणहरूका अगाड़िको अक्षरको वरिपरि घेरा लगाउनुहोस्।

**क**. समुदायको नेतृत्व गर्नलाई जोसुकै छानिए तापनि त्यसप्रति आफ्नो सरोकार नभएको हुनाले गम्भीर मानले भोट नहाल्ने निर्णय गरे।

**ख**. फुटबल खेल खेलेपछि विद्यालयमा जवानहरूको सङ्गति संगठन गर्ने निर्णय याकूबले गरेका छन्।

**ग**. बिरामी मानिसहरूका निम्ति पढ़िदिएर तिनीहरूका निम्ति पत्रहरू लेखिदिएर र तिनीहरूलाई भेटघाट गरेर तिनीहरूलाई सहायता पुऱ्याउनका निम्ति रूथ हप्तामा दुइ पल्ट अस्पताल जान्छिन्।

**घ**. शिक्षकहरूजस्तै शिक्षित नभएकी हुनाले विद्यालयका क्रियाकलापहरूमा आशा भाग लिँदिनन्।

**ङ**. एक जवान मानिसले एउटा पालेलाई लुटिरहेको चन्द्रले देखे, तर आफू संलग्न हुन नचाहेको हुनाले उनले यस

विषयमा खबरै दिएनन्।

च. हुलाकी, प्रहरी र छिमेकीजस्ता व्यक्तिहरूलाई खुशीसाथ अभिवादन गर्नुपर्छ भन्ने कुरामा जनक विश्वस्त छन्।

**५** यो महीना नै आफ्नो समुदायमा भएका कम-से-कम दुइ नेताहरूसँग मित्र बन्ने कोशिश गर्नुहोस्। आफूले चिन्न चाहनुभएका मानिसहरूका नाम यहाँ लेख्नुहोस्।

..................................................................

## कुशलताहरूको योगदान दिनु

उद्देश्य ३ *आफ्नो समुदायमा आफ्नो साक्षी दिनलाई सहायता पुऱ्याउने ख्रीष्टियान कुशलताहरूको सूची बनाउनुहोस्।*

जङ्ग बहादुरलाई उनको समुदायमा असल निर्माणकर्ताको रूपमा चिनिने गरिन्छ। शहरको बीचमा मनोरञ्जन क्षेत्र निर्माण गर्नका लागि उनको शहरका अध्यक्षले उनीबाट स्वयम्-सेवकको सेवा मागेका छन्।

जङ्ग बहादुर एक ख्रीष्टियान हुन्। धेरै वर्ष पहिले उनले आफ्नो जीवन ख्रीष्टलाई दिएका थिए। प्रत्येकले उनलाई असल कामदार र इज्जतदार मानिसको रूपमा आदर गर्छन्। नयाँ निर्माण परियोजनामा निर्देशन गर्नका लागि उनले अध्यक्षलाई आफ्नो सेवा पुऱ्याउँछन्। श्री जङ्ग बहादुरमा भरोसा भएको हुनाले प्रत्येक व्यक्ति खुशी छ।

यस कथाको महत्त्वपूर्ण स्वरूपलाई ध्यान दिनुहोस्ः

१. जङ्ग बहादुर राम्रो इज्जत पाएका अति उत्तम निर्माणकर्ता हुन्।

२. धेरै मानिसहरूलाई आनन्दित बनाउने समुदाय परियोजनामा

सहायता पुऱ्याउनका लागि उनले आफ्नो सीप प्रदान गरेका छन्।

समुदायको निम्ति चासो लाग्ने यी नै दुइ कुराहरू हुन्। श्री जङ्ग बहादुर ख्रीष्टियान पनि हुन् भन्ने सत्यता धेरै मानिसहरूलाई त्यस बेला थाहा नभएको हुन सक्छ। यद्यपि, त्यस परियोजनामा संलग्न हुने व्यक्तिहरूले श्री जङ्ग बहादुरसँग काम गर्दा यो कुरा थाहा पाउनेछन्। उनले परमेश्वरलाई प्रेम गर्छन् र उनको जीवनबाट ख्रीष्टियान सिद्धान्तहरू चम्किनेछ।



तपाईंको समुदायलाई आवश्यक परेका सीपहरू तपाईंसँग हुन सक्छन्। के तपाईं योगदानको रूपमा प्रत्येकलाई आफ्नो सेवा दिन सक्नुहुन्छ? यदि तपाईंले सक्नुहुन्छ भने, अरूहरूका निम्ति तपाईं आशिष् बन्नुहुन्छ र अरूहरूलाई सहायता गर्नका लागि आफ्नो सीप प्रयोग गरेर आफ्नो ख्रीष्टियान साक्षी दिने मौका तपाईंले प्राप्त गर्नुहुन्छ।

समुदायमा धेरै सीपहरूको आवश्यकता पर्छ। खेती गर्ने, घर बनाउने, स्याहार-सुसार गर्ने, साना केटाकेटीहरूको हेरचाहा

गर्ने, आफ्नो समुदायलाई सफा र सुन्दर बनाउनेजस्ता सीपहरू अन्य धेरै सीपहरूमा तपाईं संलग्न हुन सक्नुहुन्छ। तपाईंको विशेष क्षमता के छ? के तपाईंले परमेश्वर र आफ्नो समुदायको लागि यो दिनुभएको छ?

"तिमीहरूले सित्तैंमा पायौ, सित्तैंमा देओ" (मत्ती १०:८)।

**तपाईंको अभ्यासको निम्ति**

६ तपाईंको समुदायमा साक्षीको रूपमा तपाईंको सीपलाई प्रयोग गर्न सकिने दुइ तरीकाहरूको सूची बनाउनुहोस्।

..................................................................

..................................................................

७ सेवाद्वारा वा तपाईंको सीपलाई प्रयोग गरी के तपाईं कहिल्यै आफ्नो समुदायमा संलग्न हुनुभएको छ? यहाँ तिनीहरूको सूची बनाउनुहोस्।

..................................................................

..................................................................

८ तपाईंको समुदायमा अझै संलग्न हुनका लागि तपाईंले कोशिश गर्ने एउटा तरीकालाई उल्लेख गर्नुहोस्।

..................................................................

..................................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५ तपाईंको उत्तर।

१ **क** उद्धारको व्यक्तिगत निश्चयता प्राप्त गर्नु
**ख** कसैलाई परमेश्वरमा कसरी अगुवाइ गर्नुपर्छ सो जान्नु।
**ग** पवित्र आत्मामा भर पर्नु।

६ तपाईंको उत्तर। तपाईंले आफ्ना सीपहरूको योगदान गर्नुहुँदा मानिसहरूले तपाईंको ख्रीष्टियान साक्षीलाई देख्नेछन् र तिनीहरूलाई ख्रीष्टमा डोऱ्याउन सक्नेछन्। तपाईंको प्रवृत्ति र संलग्नताबाट तपाईंले आफ्नो समुदायलाई आशिष् पुऱ्याउनुहुनेछ।

२ **क** लेखक।
**ख** भावना।
**ग** उद्धार।
**घ** परमेश्वरको वचन।
**ङ** पवित्र आत्मा।

७ तपाईंको उत्तर। तपाईंले अझै धेरै गर्न सक्ने तरीकालाई के तपाईंले देख्न सक्नुहुन्छ?

३ **क** बेठीक। (हामीले क्रियाकलापलाई जाँच्ने तरीकाहरूमध्ये यो एउटा तरीका हो।)
**ख** ठीक
**ग** बेठीक
**घ** ठीक

८ तपाईंको उत्तर। परमेश्वरले तपाईंलाई दिनुभएको कुरा तपाईंले अरूहरूलाई सित्तैंमा दिनुभयो भने परमेश्वरले तपाईंलाई आशिष् दिनुहुनेछ।

४ **क** गल्ती प्रवृत्ति। **घ** गल्ती प्रवृत्ति।
**ख** ख्रीष्टियान प्रवृत्ति। **ङ** गल्ती प्रवृत्ति।
**ग** ख्रीष्टियान प्रवृत्ति। **च** ख्रीष्टियान प्रवृत्ति।